श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३९ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### केही नेपाल ऐनहरूलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः केही नेपाल ऐनहरूलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "केही नेपाल ऐन (संशोधन) ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. गाउँ पञ्चायत ऐन, २०१८ मा संशोधनः गाउँ पञ्चायत ऐन, २०१८ को,–

(१) दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) "बसोबास गरेको" भन्नाले सम्बन्धित वडामा आफ्नो स्थायी घरबास भएको वा स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा २ को खण्ड (ग) को उपखण्ड (१) वा (२) बमोजिम घटीमा एक वर्ष बसोबास गरेको सम्झनुपर्छ ।"

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा ६२ को उपदफा (१) पछि देहायको उपदफा (१ क) थपिए को छः–

"(१ क) कुनै गाउँ सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूबमोजिम गर्नुपर्ने काम कर्तव्यको पालना नगरेमा वा अख्तियारको दुरुपयोग गरेमा वा निष्क्रिय हुन गएमा वा अन्य कुनै कारणबाट आवश्यक लागेमा सो सभालाई श्री ५ को सरकारले आदेश जारी गरी भंग गर्न वा केही समयको लागि निलम्बन गर्न सक्नेछ।"

३. नगर पञ्चायत ऐन, २०१९ मा संशोधनः नगर पञ्चायत ऐन, २०१९ को,–

(१) दफा २ को खण्ड (क ४) को सट्टा देहायको खण्ड (क ४) राखिएको छः–

"(क ४) "बसोबास गरेको" भन्नाले सम्बन्धित वडामा आफ्नो स्थायी घरबास भएको वा स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा २ को खण्ड (ग) को उपखण्ड (१) वा (२) बमोजिम घटीमा एक वर्ष बसोबास गरेको सम्झनुपर्छ।"

(२) दफा ४४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः–

"(१क) कुनै नगर सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरू-बमोजिम गर्नुपर्ने काम कर्तव्यको पालना नगरेमा वा अख्तियारको दुरुपयोग गरेमा वा निष्क्रिय हुन गएमा वा अन्य कुनै कारणबाट आवश्यक लागेमा सो सभालाई श्री ५ को सरकारले आदेश जारी गरी भंग गर्न वा केही समयको लागि निलम्बन गर्न सक्नेछ।"

४. जिल्ला पञ्चायत ऐन, २०१९ मा संशोधनः जिल्ला पञ्चायत ऐन, २०१९ को दफा ४० को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः–

"(१क) कुनै जिल्ला सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूबमोजिम गर्नुपर्ने काम कर्तव्यको पालना नगरेमा वा अख्तियारको दुरुपयोग गरेमा वा निष्क्रिय हुन गएमा वा अन्य कुनै कारणबाट आवश्यक लागेमा सो सभालाई श्री ५ को सरकारले आदेश जारी गरी भंग गर्न वा केही समयको लागि निलम्बन गर्न सक्नेछ।

स्पष्टीकरणः जिल्ला सभा भंग भएको कारणले सो सभाको पदेन सदस्यहरूको सम्बन्धित निकायको सदस्यतामा कुनै प्रतिकूल असर पर्नेछैन।"

५. स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ मा संशोधनः स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को,–

(१) प्रस्तावनामा रहेको "गाउँ पञ्चायत" भन्ने शब्दहरूको अगाडि "गाउँ सभा" भन्ने शब्दहरू र "नगर पञ्चायत" भन्ने शब्दहरूको अगाडि "नगर सभा" भन्ने शब्दहरू थपिएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा २ को,–

(क) खण्ड (क) पछि देहायको खण्ड (क१) र (क२) थपिएका छन्:–

"(क१) "स्थानीय पञ्चायत" भन्नाले गाउँ सभा, गाउँ पञ्चायत, नगर सभा, नगर पञ्चायत, जिल्ला सभा वा जिल्ला पञ्चायत सम्झनुपर्छ ।

(क२) "स्थानीय पञ्चायतको सदस्य" भन्नाले गाउँ सभाको सदस्य, गाउँ पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च, र सदस्य, नगर सभाको सदस्य, नगर पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च र सदस्य, जिल्ला सभाको सदस्य तथा जिल्ला पञ्चायतको सभापति, उपसभापति र सदस्य सम्झनुपर्छ ।"

(ख) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "निर्वाचन" भन्नाले स्थानीय पञ्चायतको सदस्यको निर्वाचन वा उपनिर्वाचन सम्झनुपर्छ ।"

(ग) खण्ड (ग) को,–

(क) उपखण्ड (१) मा रहेको "सो क्षेत्रमा गाउँ पञ्चायत ऐन, २०१८ को दफा २ को खण्ड (ङ) वा नगर पञ्चायत ऐन, २०१९ को दफा २ को खण्ड (क४) बमोजिम" भन्ने शब्दहरूको सट्टा "सो वडामा आफ्नो स्थायी घरबास भएको वा निर्वाचन आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम घटीमा एक वर्ष "भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपखण्ड (२) मा रहेको "गाउँ पञ्चायत ऐन, २०१८ को दफा २ को खण्ड (ङ) वा नगर पञ्चायत ऐन, २०१९ को दफा २ को खण्ड (क४) बमोजिम" भन्ने शब्दहरूको सट्टा "आफ्नो स्थायी घरबास भएको वा निर्वाचन आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम घटीमा एक वर्ष" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा ३ को उपदफा (१), (२) र (३) मा रहेको "मतदान अधिकृत" भन्ने शब्दहरूपछि "र सहायक मतदान अधिकृत" भन्ने शब्दहरू थपिएका छन् ।

(४) दफा ३ पछि देहायका दफा ३ क. र ३ ख. थपिएका छन् :–

"३क. निर्वाचनः (१) स्थानीय पञ्चायतको सदस्यको निर्वाचन सो सदस्यको प्रचलित कानूनमा तोकिएको पदावधि समाप्त हुने वर्षमा हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) स्थानीय पञ्चायतको कुनै सदस्यको पद निजको पदावधि समाप्त नहुँदै कुनै कारणबस बीचमा रिक्त हुन आएमा बाँकी अवधिको लागि उपनिर्वाचन हुनेछ ।

तर ६ महीनाभन्दा कम अवधिको लागि साधारणतः उपनिर्वाचन हुनेछैन ।

३ ख. निर्वाचन कार्यः (१) कुनै जिल्लाको सबै स्थानीय पञ्चायतको निर्वाचन हुनेमा सम्बन्धित जिल्लाको नाम वा कुनै स्थानीय पञ्चायतको सदस्य पदको उपनिर्वाचन हुनेमा त्यस्तो स्थानीय पञ्चायतको सम्बन्धित क्षेत्रको नाम तोकी श्री ५ को सरकारले सूचना प्रकाशित गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशित भएको मितिले साधारणतः तीन महीनाभित्र निर्वाचन आयोगले सम्बन्धित निर्वाचन वा उपनिर्वाचनको काम पूरा गर्नेछ ।"

(५) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. निर्वाचनको सूचनाः (१) स्थानीय पञ्चायतको सदस्यको निर्वाचन गराउन निर्वाचन आयोगले वा निर्वाचन आयोगले तोकेको निर्वाचन अधिकृतले निर्वाचन हुने मिति, मतदान हुने स्थान र समय तोक्नेछ र तत्सम्बन्धी सूचना मतदाताको जानकारीको लागि प्रकाशित गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशित भएपछि सम्बन्धित निर्वाचन अधिकृतले उम्मेदवारको लागि दरखास्त दिने, दरखास्त छानबीन गर्ने, उम्मेदवारको नामावली प्रकाशित गर्ने, विरोध गर्ने, नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने, उम्मेदवारहरूलाई निर्वाचन रङ्ग वा चिन्ह रोज्न लगाउने मिति, समय र स्थान तोकी सूचना प्रकाशित गर्नेछ ।"

(६) दफा ४ पछि देहायको दफा ४ क. थपिएको छः–

"४ क. मतदाता नामावली संकलनः निर्वाचन अधिकृतले मतदाताहरूको नामावली तोकिएबमोजिम संकलन गर्नेछ ।"

(७) दफा ५ क. को सट्टा देहायको दफा ५ क. राखिएको छः–

"५ क. मतदाताको उमेरः गाउँ वा नगर सभाको सदस्य तथा गाउँ वा नगर पञ्चायतको प्रधानपञ्च, उपप्रधानपञ्च र सदस्यको निर्वाचनको लागि मतदाताको उमेर तोकिएबमोजिमको मितिसम्ममा एक्काईस वर्ष पूरा भएको हुनु पर्नेछ ।"

309

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) दफा ६ क. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) निर्वाचनमा बिजयी हुने उम्मेदवार बाहेक अन्य उम्मेदवारले निर्वाचनमा मतदान गरिएको कुल सदर मत संख्याको १० प्रतिशतभन्दा घटी मत पाएमा उपदफा (१) बमोजिम राखिएको धरौटी जफत हुनेछ।"

(९) दफा ८ को उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थपिएका छन्ः–

"(३) दरखास्तको जाँच पूरा भएपछि निर्वाचन अधिकृतले कायम रहेका उम्मेदवारको नामावली प्रकाशित गर्नेछ।

(४) उपदफा (३) बमोजिम उम्मेदवारको नामावली प्रकाशित भएपछि कुनै उम्मेदवारको योग्यता वा दरखास्तको रीत नपुगेको सम्बन्धमा अन्य उम्मेदवारले निर्वाचन अधिकृतसमक्ष दफा ४ को उपदफा (२) बमोजिम प्रकाशित सूचनामा तोकिएको म्यादभित्र उजूर दिन सक्नेछ। त्यस्तो उजूरी सम्बन्धमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ।

तर निर्वाचन अधिकृतले सम्बन्धित उम्मेदवारलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौकाबाट बञ्चित गर्नेछैन।"

(१०) दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

"१०. उम्मेदवारको अन्तिम नामावली प्रकाशनः दफा ८ को उप-दफा (४) बमोजिम उम्मेदवारको विरोध गर्ने म्याद समाप्त भएपछि वा उम्मेदवारको विरोध सम्बन्धी उजूरीमा निर्णय भएपछि र दफा ९ बमोजिम उम्मेदवारले नाम फिर्ता लिने म्याद समाप्त भएपछि कायम हुन आएका उम्मेदवारको सूची तयार गरी निर्वाचन अधिकृतले तोकिए-बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्नेछ।"

(११) दफा १३, १४, १५, १६, १७ र २६ मा रहेको "निर्वाचन अधिकृत" भन्ने शब्दहरूको सट्टा "मतदान अधिकृत" भन्ने शब्दहरू राखिएका छन्।

(१२) दफा १९ को तेस्रो हरफमा रहेको "निर्वाचन अधिकृतले" भन्ने शब्दहरूको सट्टा "मतदान अधिकृतले" भन्ने शब्दहरू र सोही दफामा रहेको "निर्वाचन अधिकृतले तुरुन्त निर्वाचन आयोगमा पठाउनु पर्नेछ" भन्ने वाक्यांशको सट्टा "मतदान अधिकृतले निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले निर्वाचन आयोगलाई तुरुन्त दिनु पर्नेछ" भन्ने वाक्यांश राखिएको छ।

(१३) दफा २० को उप-दफा (१) मा रहेको "त्यस्तो केन्द्रको निर्वाचन अधि-कृतले मतदान बदर गरी त्यसको व्यहोराको प्रतिवेदन निर्वाचन आयोगमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पेश गर्नु पर्नेछ" भन्ने वाक्यांशको सट्टा "मतदान अधिकृतले सो मतदान केन्द्रमा भएको मतदान बदर गरी तुरुन्त निर्वाचन अधिकृतलाई सूचना दिनु पर्नेछ र निर्वाचन अधिकृतले सो कुराको सम्बन्धमा तुरुन्त निर्वाचन आयोगमा प्रतिवेदन पठाउनु पर्नेछ" भन्ने वाक्यांश राखिएको छ ।

(१४) दफा २१ को,–

(क) उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

"(१) मतदान कार्य समाप्त भएपछि मतदान अधिकृतले दफा १७ बमोजिम बन्द गरिएका मतपेटिकाहरू सुरक्षित तवरले ल्याई निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ । निर्वाचन अधिकृतले सबै मतदान केन्द्रको मतपेटिकाहरू प्राप्त भएपछि मतगन्ती गर्ने मिति, समय र स्थान तोक्नेछ र उम्मेदवारहरूको जानकारीको लागि सो कुराको सूचना प्रकाशित गर्नेछ ।"

(ख) उप-दफा (५) पछि देहायको उप-दफा (६) थपिएको छः–

"(६) निर्वाचन अधिकृतले निर्देशन दिएमा यस दफाबमोजिम निर्वाचन अधिकृतले मतगन्ती सम्बन्धमा गर्ने सबै काम कारवाई मतदान अधिकृतले गर्न सक्नेछ ।"

(१५) दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः–

"२२. मत वा मतपत्र बदर हुने अवस्था : देहायका अवस्थामा मत वा मतपत्र बदर हुनेछन्:–

(क) मतदान अधिकृतको सही वा छाप नभएको,

(ख) निर्वाचन हुने पदको संख्याभन्दा बढी संख्यामा मत-संकेत गरेको,

(ग) तोकिएको मतसंकेत बाहेक अन्य कुनै कुरा लेखेको वा संकेत गरेको,

(घ) मतसंकेत नबुझिने गरी च्यातिएको वा फोहर गरिएको,

(ङ) मतसंकेत नगरेको,

(च) उम्मेदवार नरहेको चिह्नमा मतसंकेत गरेको,

(छ) मतसंकेत गर्ने कोठाबाहिर मतसंकेत गरेको,

(ज) कुन उम्मेदवारको लागि मत दिएको हो सो नछुट्टिने गरी मतसंकेत गरेको,

(झ) मत नदिने निश्चय गरी मतदान अधिकृतलाई फिर्ता दिएको,

(ञ) मतपेटिकामा नखसेको, र

(ट) जाली मतपत्र ।

३८९

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टीकरण : (१) सामान्य फरक परेको भए तापनि मूलतः तोकिएको मतसंकेतको स्वरूप भएकोमा र तोकिएको मत-संकेतको केही अंश मतसंकेत गर्ने कोठाबाहिर पर्न गएकोमा त्यस्तो मत बदर हुनेछैन ।

(२) मतपत्रमा गरिएको कुनै मतसंकेत कुन उम्मेदवारको लागि हो भन्ने नछुट्टिने भएमा सो नछुट्टिने मत मात्र बदर हुनेछ ।

(३) उम्मेदवार रहेको चिह्नमा मतसंकेत गर्नुको साथै उम्मेदवार नरहेको चिह्नमा पनि मतसंकेत गरेको-मा सो मतपत्र बदर हुनेछैन ।"

(१६) दफा २३ को उप-दफा (२) पछि देहायको उप-दफा (३) थपिएको छः–

"(३) उप-दफा (२) बमोजिम प्राप्त भएका सूचना संकलित गरी प्रत्येक स्थानीय पञ्चायतको छुट्टाछुट्टै सूची तयार गरी निर्वाचन आयोगले श्री ५ को सरकारलाई र सम्बन्धित स्थानीय पञ्चायतलाई पठाउनेछ ।"

(१७) दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः–

"२७. निर्वाचन रङ्ग वा चिह्नको व्यवस्था : (१) निर्वाचन आयोगले निर्वाचनमा प्रयोग हुने निर्वाचन रङ्ग वा चिह्न निर्धारण गर्नेछ ।

(२) उप-दफा (१) बमोजिम निर्धारण गरिएको निर्वाचन रङ्ग वा चिह्नको सूची अनुसार निर्वाचन अधिकृत वा मतदान अधि-कृतले उम्मेदवारहरूलाई निर्वाचन रङ्ग वा चिह्न रोज्न लगाउनेछ ।

(३) उप-दफा (२) बमोजिम निर्वाचन रङ्ग वा चिह्न रोज्न लगाउँदा एकभन्दा बढी उम्मेदवारले एउटै निर्वाचन रङ्ग वा चिह्न रोजेमा वा कुनै उम्मेदवारले कुनै पनि निर्वाचन रङ्ग वा चिह्न नरोजेमा निर्वाचन अधिकृत वा मतदान अधिकृतले उम्मेदवारको निर्वाचन रङ्ग वा चिह्न तोकी दिन सक्नेछ ।"

(१८) दफा १० क. र २५ खारेज गरिएको छ ।

६. निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ मा संशोधन : निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ को,–

(१) दफा ७ मा रहेको "कुनै व्यक्तिले" भन्ने शब्दहरूपछि "गाउँ वा नगर सभाको सदस्य, गाउँ वा नगर पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च र सदस्य, जिल्ला सभाको सदस्य तथा जिल्ला पञ्चायतको सभापति, उप-सभापति र सदस्यको निर्वाचनको सम्बन्धमा मतदान हुने दिनभन्दा

३९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चौबीस घण्टा अघिदेखि र राष्ट्रिय पञ्चायतको सदस्यको निर्वाचनको सम्बन्धमा" भन्ने वाक्यांश थपिएको छ ।

(२) दफा २१ मा रहेको "धरौटी राख्नु पर्नेछ" भन्ने वाक्यांशपछि "र उजूरी झूट्टा ठहरेमा सो धरौटी जफत हुनेछ" भन्ने वाक्यांश थपिएको छ ।

७. वर्गीय संगठन ऐन, २०३६ मा संशोधन : वर्गीय संगठन ऐन, २०३६ को,–

(१) दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

"१०. प्रारम्भिक परिषद् : गाउँ वा नगर स्तरमा श्री ५ को सरकारबाट आदेशद्वारा तोकिदिएबमोजिम संगठनको प्रारम्भिक परिषद् गठन हुन सक्नेछ ।"

(२) दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः–

"१८. नियम बनाउने र आदेश जारी गर्ने अधिकार : (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्नको निमित्त श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

तर यसरी नियम बनाउँदा केन्द्रीय कार्य समिति रहेको अवस्थामा सो समितिको परामर्श लिइनेछ ।

(२) उप-दफा (१) बमोजिम बनेको नियममा नपरेका कुराहरूमा श्री ५ को सरकारले आवश्यकता अनुसार आदेश जारी गर्न सक्नेछ ।

(३) यो दफा प्रारम्भ हुनुअघि जारी भएको नियम यसै दफाबमोजिम जारी भएको मानिनेछ ।"

(३) दफा २० को सट्टा देहायको दफा २० राखिएको छः–

"२०. श्री ५ को सरकारको अधिकार : (१) श्री ५ को सरकारले आदेश जारी गरी संगठनको गठनको प्रयोजनको लागि कुनै व्यक्ति वा पदाधिकारी वा दुवैलाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा पदाधिकारीको कर्तव्य हुनेछ ।

(२) श्री ५ को सरकारले संगठनलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिएको निर्देशनको पालना गर्नु सम्बन्धित संगठनको कर्तव्य हुनेछ ।"

८. न्याय प्रशासन सुधार ऐन, २०३१ मा संशोधन : न्याय प्रशासन सुधार ऐन, २०३१ को,–

(१) दफा ४ को,–

393

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

"(१) प्रत्येक विकास क्षेत्रमा अनुसूची–१ मा लेखिए-बमोजिमको क्षेत्रीय अदालत स्थापना हुनेछ ।"

(ख) उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छः–

"(४) कुनै क्षेत्रीय अदालतमा कार्य बोझ बढ्न गएको अवस्थामा वा न्यायाधीशको कमीले बेञ्चको गठन वा कार्य फछ्र्यौट गर्न कठिनाई परेको अवस्थामा दफा २३ को उप-दफा (२) बमोजिम अस्थायी न्यायाधीश नियुक्त हुन सक्नेछ ।"

(२) दफा २३ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छः–

"(२) श्री ५ को पूर्व स्वीकृति लिई प्रधान न्यायाधीशले दफा १७ को उप-दफा (२) को खण्ड (क) बमोजिम योग्यता भएको व्यक्तिलाई तोकिएको अवधिका लागि तोकिएको पारिश्रमिक र सुविधा पाउने गरी कुनै क्षेत्रीय अदालतको अस्थायी न्यायाधीशमा नियुक्त गर्न सक्नेछ ।"

(३) दफा २७ को उप-दफा (२) पछि देहायको उप-दफा (३) थपिएको छः–

"(३) केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०३८ प्रारम्भ हुँदाको बखत कायम रहेको सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतमा दायर भई छिन्न बाँकी रहेका मुद्दा र तत्सम्बन्धी निवेदनपत्रहरू अनुसूची–२ मा उल्लेखित इलाका विभाजन अनुसार मध्य पश्चिमाञ्चल क्षेत्रीय अदालत र सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतमा सर्नेछन् ।"

(४) दफा २८ पछि देहायको दफा २८क. थपिएको छः–

"२८क. पहिलेका निर्णय, आदेश र अभिलेखहरू : केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०३८ प्रारम्भ हुँदाको बखत कायम रहेको सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतको नामबाट भएका वा सो अदालतको सम्बन्धमा भएका निर्णय, आदेश र अभिलेखहरू यो अध्यादेश प्रारम्भ भएपछि अनुसूची–२ मा उल्लेखित इलाका विभाजन अनुसार मध्य पश्चिमाञ्चल क्षेत्रीय अदालत वा सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतबाट भए गरेको मानिनेछ र सोहीबमोजिम त्यसको कार्यान्वयन, पालन तथा प्रयोग गर्नु पर्नेछ ।"

(५) अनुसूची–१ र २ को सट्टा यसैसाथ संलग्न अनुसूची–१ र २ राखिएका छन् ।

९. अध्यादेशहरू निष्क्रिय भएपछि त्यसको परिणाम : केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०३८ र वर्गीय संगठन (पहिलो संशोधन) अध्यादेश, २०३८ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

398

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगिसकेको कुनै कुरा-लाई असर पार्नेछैन ।

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्नेछैन ।

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफत-लाई असर पार्नेछैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्नेछैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू राखन वा लागू गर्न सकिनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(दफा ४ को उप-दफा (१) संग सम्बन्धित)

१. पूर्वाञ्चल क्षेत्रीय अदालत ।

२. मध्यमाञ्चल क्षेत्रीय अदालत ।

३. पश्चिमाञ्चल क्षेत्रीय अदालत ।

४. मध्य पश्चिमाञ्चल क्षेत्रीय अदालत ।

५. सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालत ।

अनुसूची–२

(दफा ६ को उप-दफा (२) संग सम्बन्धित)

| क्र.सं. | क्षेत्रीय अदालत | सदरमुकाम | इलाका |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय अदालत | धनकुटा | १. मेची अञ्चल |
| | | | २. कोशी अञ्चल |
| | | | ३. सगरमाथा अञ्चल |
| २. | मध्यमाञ्चल क्षेत्रीय अदालत | काठमाडौं | १. जनकपुर अञ्चल |
| | | | २. बागमती अञ्चल |
| | | | ३. नारायणी अञ्चल |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय अदालत | पोखरा | १. गण्डकी अञ्चल |
| | | | २. धवलागिरि अञ्चल |
| | | | ३. लुम्बिनी अञ्चल |
| ४. | मध्य पश्चिमाञ्चल क्षेत्रीय अदालत | वीरेन्द्रनगर | १. राप्ती अञ्चल |
| | | | २. कर्णाली अञ्चल |
| | | | ३. भेरी अञ्चल |
| ५. | सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालत | दिपायल | १. सेती अञ्चल |
| | | | २. महाकाली अञ्चल |

आज्ञाले,
भुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०३९।५।३।५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

३९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, नेपाल सरकार